४. **कार्यक्रम सञ्चालन प्रक्रिया:**

क) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी सबैला नगरपालिकाले भेटेरीनरी क्लिनिकसँग र अन्य संघ संस्थासँग सहकार्यमा सञ्चालन गरिने छ। सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्ने संस्थाको छनौट गरिने छ।

ख) यस कार्यक्रममा सामुदायिक भाले पोथी कुकुरको बन्ध्याकरण गरिने छ।

ग) रेविज खोप यथासंभव स्वदेशी प्रयोग गर्नं पर्नेछ।

घ) सबैला नगरपालिका पशु सेवा शाखाले तोकेको प्राविधिक कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेविज भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गर्नं पर्नेछ।

ङ) रेविज भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नं पर्नेछ।

च) रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामाग्री तयार तथा वितरण गर्नं पर्नेछ।

छ) सम्पन्न कार्यको प्रगति विवरण सबैला नगरपालिका पशु सेवा शाखामा नियमित रुपमा पठाउनु पर्नेछ।

ज) दफा ४ को उपदफा (क) बमोजिम को संघ/संस्थाहरुको मूल्यांकन गर्ने आधार निम्नानुसार हुनेछः



**सबैला नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १७ मिति : २०८२/०१/१०

**भाग–२**

**सबैला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सबैला, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**

# सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावनाः** रेविज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठुलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशुपालक कृषकहरुले वर्षेनी आर्थिक क्षति व्यहोर्दै आएका छन् । अतः कुकुरको बन्ध्याकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवम् पशुधन संरक्षणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्देश्यका साथ सबैला नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ (२) को अधिकार प्रयोग गरी सबैला नगरपालिका, नगरकार्यपालिकाबाट “सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२” जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ रहेको छ ।

ख) यो कार्यविधि सबैला नगरपालिका, नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुने छ ।





२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “नगरपालिका” भन्नाले सबैला नगरपालिका सम्झनु पर्नेछ ।

ख) “शाखा” भन्नाले सबैला नगरपालिकाको पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ग) “कार्यविधि” भन्नाले “सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२” सम्झनु पर्नेछ ।

३. **उद्देश्यः**

क) सबैला नगरपालिका पशु सेवा शाखाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख) कुकुर बन्ध्याकरण तथा रेविज विरुद्ध खोप सबैला नगरपालिका र अन्य संघ संस्थाहरुसँग सहकार्यमा सञ्चालन गर्ने ।

ग) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयारी गरी सुसूचित गर्ने ।

घ) संक्रमित जनावरको टोकाईका कारण रेविज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउने ।

अ) संघ/संस्थाहरुको दर्ता र नविकरण (३० अंक)

आ) संस्थाले हालसम्म पोथी कुकुर बन्ध्याकरण अनुभवको प्रमाणित कागजातहरु (४० अंक)

इ) संघ/संस्थाहरुमा उपलब्ध दर्तावाल पशु चिकित्सकको विवरण (३० अकं)

- पशु चिकित्सकको संख्या (१५ अंक)
- पशु चिकित्सकको सम्बन्धित क्षेत्रमा अनुभव (१५ अंक)

जम्मा अंक - १००

झ) संघ/संस्थाहरुको आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको नगर कार्यपालिकाको निर्णयानुसार गठित कृषि तथा पशु सेवा उपसमिति रहने छ। छनौट तथा मूल्यांकन समिति तपशिल बमोजिम रहेको छः

**तपशिल**

| | |
|---|---|
| क) कार्यपालिकाले तोकेको १ जना वडा अध्यक्ष | - संयोजक |
| ख) कार्यपालिकाले तोकेको १ जना कार्यपालिका सदस्य | - सदस्य |
| ग) कार्यपालिकाले तोकेको फरक वडाबाट (वडा नदोहोरिने गरी) प्रतिनिधित्व गर्ने १ जना कार्यपालिका सदस्य | - सदस्य |
| घ) पशु सेवा शाखा प्रमुख/प्रतिनिधि | - सचिव |





उपसमितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा नगर कार्यपालिकाको सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

५. **कार्यक्रम अनुगमन तथा मूल्यांकन:** यस कार्यक्रमको अनुगमन र मूल्यांकन सबैला नगरपालिका, पशु सेवा शाखाबाट हुनेछ।

६. **आर्थिक कार्यविधि:**

(१) कार्यक्रम सम्पन्न भैसकेपछि सोको प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगायत सम्बन्धित सुपरिवेक्षकको प्रतिवेदन समेत सबैला नगरपालिका पशु सेवा शाखामा उपलब्ध गराए पश्चात मात्र भुक्तानी दिईने छ।

७. **अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:** यस कार्यक्रमको अनुगमन सबैला नगरपालिका पशु सेवा शाखाले गर्ने छ र प्रगति प्रतिवेदन पनि पशु सेवा शाखामा पठाउनु पर्नेछ।

८. **थपघट वा हेरफेर गर्न सक्ने** : (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सबैला नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ।

sfo{kflnsfsf]lg)f{
ldlt M 2082÷01÷10

**आज्ञाले,**
**सविर कुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**

**सबैला नगरपालिकाद्वारा प्रकाशित** **मुल्य रु. ५/-**